मो.नं. ९८५४०८७८८८

# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. :- ०७९/०८०
च.नं. :- १६६६

मिति :- २०८०/०२/२२

श्री प्रदेश सुशासन केन्द्र,
ललितपुर, नेपाल ।

**विषय : असल अभ्यासको अभिलेख पठाईएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ प्रदेश सुशासन केन्द्रको आ.व. २०७९।८० च.नं. ६१७ मिति २०८०।०२।०९ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । तत् सम्बन्धमा यस गाउँपालिकाले हाँसिल गरेको/प्रयोगमा ल्याईएको असल अभ्यासहरुको अभिलेख यसै पत्रकासाथ संलग्न राखि पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

..............................
**राम कुमार कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

## अनुसूची-१ : विवरण संकलन फाराम

## स्थानीय तहका असल अभ्यास र सिकाई संकलन फाराम

**स्थानीय तह**

घ्याङलेख **गाउँपालिका** बागमती **प्रदेश** सिन्धुली **जिल्ला** २ नं. **वडा**

**असल अभ्यास र सिकाईको विषय क्षेत्र**

लै. स. सा. स. (GESI Policy, GESI Audit)

**पृष्ठभूमी**

नेपालको संविधानले दिशानिर्देश गरे बमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तकाक आधारमा समतामूलक समाजको निर्माण गर्न राज्य सबै अंग, तह र क्षेत्रगत विषयहरुमा लैगिंक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्ठिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै सामान्य कानूनको प्रयोगमा जात, जाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, शारीरिक अवस्था, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा यस्तै अन्य कुने आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीइ हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वा पछि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, सिमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खर आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा बिकासका लागि कानून बमोजिम

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभातिाको अधिकार स्थापना गरेको छ।

**विगतका अवस्था**

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट हेर्दा विगतको अवस्था अत्यन्तै नाजुक देखिन्छ। दर्दनाक स्थितिमा गुज्रिरहेका समाजका विभिन्न क्षेत्र, वर्ग, जात, जाति आदिको सकारात्मक विभेदका आधारमा उत्थान गर्नु राज्यको दायित्व हो।

**विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु**

१. लैगिंक समानता र सामाजिक समावेशिकरण रणनीति निर्माण : https://bit.ly/3IX8vZ4
२. गोष्ठि र कार्यक्रमहरु सञ्चालन

**हालको अवस्था (असर तथा प्रभाव)**

हाल लक्षित वर्ग र समुदायमा सकारात्मक प्रभाव देखिदै गएको छ। सबै क्षेत्रहरुमा सुधारोन्मुख प्रभाव देखिन्छ।

**असल अभ्यास र सिकाईको विषय क्षेत्र**

स्वमूल्याङ्कन प्रणाली (LISA)

**पृष्ठभूमी**

स्थानीय तहको प्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपाधलका तथा नगरपाधलकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा भएको छ।

फ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

**विगतका अवस्था**

विगतमा स्थानीय तहबाट प्रवाह गरिएको सेवा तथा वस्तुको गुणस्तरको मापन र मूल्याङ्कन नतिजा सार्वजनिकीकरण गर्नु पर्ने थिएन । यस्तो अवस्थामा स्थानीय तहहरु आफूले गरेका सेवा प्रवाहमा त्यति जिम्मेवार देखिदैनथे । तसर्थ मूल्याङ्कनबिहिनताको अवस्थमा लगामबिहिन सेवाले जनताको आधारभूत अधिकारभित्र पर्ने सेवामा समेत त्यति प्रभावकारीता देखिदैन थियो ।

**विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु**

- सबै सूचकहको दस्तवेजिकरण गरिएको ।
- सेवा प्रवाह समयमै गर्ने गरिएको ।
- वेभसाईटमै सबै सूचकहरुको कागजपत्र राख्ने गरेको ।
- विषयक्षेत्रको आधारमा कार्यविभाजन गरिएको : https://bit.ly/3NcBBWQ
- समयसीमा अघि नै शाखा प्रमुखहरुसँग LISA Focal Person ले सुचक wise प्रस्तुतिकरण, छलफल तथा अन्तरक्रिया गर्ने गरेको ।

**हालको अवस्था (असर तथा प्रभाव)**

- स्वमूल्याङ्कनको नतिजामा सुधार हुँदै गएको ।
- सूचकहरुमा आधारित कामले सेवा प्रवाहमा सुधार आएको ।
- कर्मचारीहरुलाई थप जिम्मेवार बनाएको ।
- समग्र कामकारबाहीहरु चुस्तदुरुस्त रहने गरेको ।
- प्रमाण र दस्तावेजमा आधारित काम हुने गरेको ।
- हरेक क्षेत्र र तह तप्का समेटिएको आदि ।
- आ. व. २०७८।०७९ को LISA को अन्तिम नतिजा : https://bit.ly/42kjkLv

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**असल अभ्यास र सिकाईको विषय क्षेत्र**

सार्वजनिक वित्त व्यवस्थापन (FRA)

**पृष्ठभूमी**

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रवाभकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको हो ।

**विगतका अवस्था**

विगतमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा ठोस कार्ययोजना नभएकाले सुधारमा यथेस्ट प्रयास हुँदैन थियो । सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी मूल्याङ्कन कार्ययोजना, वित्तीय सुशासन लेखाजोखाको वर्गीकरण, जोखिम न्यूनीकरण कार्ययोजना, आन्तरिक स्व-नियन्त्रण प्रणाली नहुँदा अवस्था विकराल थियो ।

**विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु**

- मध्यमकालीन खर्च संरचना सहित बिनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गते भित्र सभामा पेश गरी सभाबाट असार २५ गतेसम्म पारित गरिएको । : ( https://bit.ly/43eg59L )
- आवधिक विकास योजना (भौगोलिक सूचना प्रणाली मा आधारित) र यातयात गुरुयोजना तर्जुमा र निर्माण गरिएको । : ( https://bit.ly/3oJ8L77 र https://bit.ly/3oJ6x7N )
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमा अनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित हुने गरेको ।
- लेखा समितिको प्रतिवेदन निर्माण र वेरुजू फछ्यौंट गर्ने काम गरिएको ।
- आय र व्ययको विवरण, मासिक र वार्षिक प्रगति प्रतिवेदन वेभसाईटबाट समयमै सार्वजनिक गर्ने गरेको ।
- वेभसाईटमै सबै सूचकहरुको कागजपत्र राख्ने गरेको ।
- विषयक्षेत्रको आधारमा कार्यविभाजन गरिएको : https://bit.ly/3NcBBWQ

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

- समयसीमा अघि नै शाखा प्रमुखहरुसँग FRA Focal Person ले सुचक wise प्रस्तुतिकरण, छलफल तथा अन्तरक्रिया गर्ने गरेको ।

**हालको अवस्था (असर तथा प्रभाव)**

- स्वमूल्याङ्कनको नतिजामा सुधारसँगै वित्तीय सुशासन जोखिमको क्षेत्रमा थप प्रभावकारी हुँदै गएको ।
- सूचकहरुमा आधारित रहेर गरिएका कामले सेवा प्रवाहमा सुधारोन्मुख परिवर्तन भएको ।
- कर्मचारीहरुलाई थप जिम्मेवार र जवाफदेहि बनाएको ।
- समग्र कामकारबाहीहरु प्रभावकारी र पार्दर्शी हुने गरेको ।
- वेरुजु रकमहरु फछ्र्यौट हुँदै गएको ।
- वेरुजु नहुने गरी काम गर्नु पर्छ भन्ने जनचेतनाको अभिबृद्धि भएको ।
- प्रमाण र दस्तावेजमा अव्वल हुँदै गएको ।
- आ. व. २०७८।०७९ को FRA को अन्तिम नतिजा : https://bit.ly/3qv3oZS

**असल अभ्यास र सिकाईको विषय क्षेत्र**

सूचना प्रविधि (Information Technology)

**पृष्ठभूमी**

सूचना प्रविधि भन्नाले ध्वनि, तस्वीर, अक्षर तथा अङ्कको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर तथा दूरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, सङ्ग्रह र प्रवाहलाई चिनिन्छ । सूचना प्रविधि कम्प्युटर विज्ञानको एक शाखा हो, जसलाई प्रक्रिया, संरचना र विभिन्न प्रकारका डेटाको प्रशोधनको समग्र अध्ययनको रूपमा परिभाषित गर्न सकिन्छ । यसले माानिसको जीवनमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । विश्वव्यापी रूपमा सूचना प्रविधि संसारका धेरै देशहरुको आर्थिक विकासको एक प्रमुख तत्व मानिन्छ । धेरै नवीनताहरू संसारमा आएका छन् तर सबैभन्दा उल्लेखनीय सूचना प्रविधि हो । सूचना प्रविधि जुन दैनिक भाषामा कम्प्युटर सञ्चार प्रविधिसँग पर्यायवाची छ त्यसलाई त्यो प्रविधिको रुपमा परिभाषित गर्न सकिन्छ जसले सूचना चक्रलाई सजिलो बनाउँदछ । सूचना प्रविधिले स्वयं सेवा सुविधाहरू प्रदान गरेको छ जहाँबाट ग्राहकहरू सजिलैसँग उनीहरूको कागजातहरू सिधै अनलाइनबाटै पूरा गर्न सक्दछन् । सूचना प्रविधिले मानव जीवनको सबै क्षेत्रमा

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

| |
|---|
| महत्वपूर्ण भूमिका खेलेको छ तर सामाजिक प्रगति र प्रविधिमा जोडदार विकासको कारणले मानव जीवनको हरेक पक्षमा सूचनाको भूमिकालाई अत्यन्तै बढाएको छ ।<br><br>रोजगारमा यसले कम्प्युटरमा आधारित सूचना प्रणालीको अध्ययन, डिजाइन, विकास, अनुप्रयोग, कार्यान्वयन, समर्थन वा व्यवस्थापनमा मद्दत गर्दछ । सूचना प्रविधिहरूको सहयोगले इमेलहरू, आवाज र भिडियो कलहरू छिटो, सस्तो र अधिक कुशल भएको छ । विभिन्न देशहरूबाट खरीद सजिलो र अधिक सुविधाजनक बनाउँदै, कुनै पनि समय, जहाँसुकै व्यापार सुरु गर्न सकिन्छ तर प्रविधिमा सुधार भएपछि मानव कर्मचारीहरूद्वारा गरिएको कामहरू अब कम्प्युटर प्रणालीहरूद्वारा गरिन्छ जसले गर्दा देशमा रोजगारी कम हुन् सक्छ । नेपालको सन्दर्भमा सूचना प्रविधिलाई व्यवस्थित र नियमित गर्नका लागि विद्युतीय कारोबार व्यवस्थित गर्ने ऐन, २०६१, प्रतिलिपी अधिकार ऐन, राष्ट्रिय सञ्चार नीति, दूरसञ्चार नीति, ब्रोड ब्यान्ड नीति, डिजिटल हस्ताक्षर सुरक्षित गर्ने कार्यविधिलगायतका नीतिगत व्यवस्थाहरू गरिएका छन् । |
| **विगतका अवस्था** |
| सूचना प्रविधिको हिसावले हेर्दा विगतमा यस घ्याङलेख गाउँपालिका, सिन्धुली जिल्लाकै कर्णालीको अवस्था थियो । चारै तिर डाँडाकाँडाले घेरीएको यस विकट ठाउँमा मोबाईल नेटवर्क सेवा, इन्टरनेट सेवा र कम्प्यूटर र प्रविधि सम्बन्धी सेवाहरु मात्र कल्पनाको विषय थियो । कार्यालयहरु हस्तलिखित दस्तावेजको आधारमा चल्थे । प्रविधि सम्बन्धी न त कुनै ज्ञान थियो न त चासो नै । सूचना प्रविधि भनेको कुन चराको नाम ? र एका देशको कथा जस्तै थियो । यस ठाउँमा पनि इन्टरनेट आउला र ? भन्ने एउटा चुनौतिपूर्ण अवस्था थियो ।<br><br>नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारको स्थानीय तहहरूको पुन: संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागु गर्ने निर्णय गरे अनुसार गठन भएको सिन्धुली जिल्लाको ९ वटा स्थानीय तहहरु मध्येको एक यस घ्याङलेख गाउँपालिकामा पनि LGCDP को आर्थिक सहयोगमा २०७४ साल फागुण १० गते सूचना प्रविधि अधिकृतको नियुक्ति भयो । तत् पश्चात विभिन्न आरोह र अबरोहहरु पार गर्दै परमपरागत शैलीमा चलिरहेको कार्यालयको कामकाजहरुलाई प्रविधिमैत्री बनाउने कोशिसहरु भए । |
| **विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु** |
| सूचना प्रविधिमा "Zero Level" को स्थानीय तहलाई माथि उठाउन धेरै संघर्षहरु गर्नु पर्‍यो । चुनौतिका पहाडहरु उक्लिनु पर्‍यो । ईन्टरनेट ल्याउन बजेट खर्च गरेर गाउँपालिकालाई के फाईदा हुन्छ ? भन्ने जनप्रतिनिधिज्यूहरुको सोँच बदल्नु फलामको चिउरा चपाउनु सरह नै थियो । विभिन्न बाधाव्यावधानहरुसँग जुध्दै यस गाउँपालिकामा सुरुमा १० लाखको लगानीमा २ वटा रिपिटर टावरहरु जडान गरी इन्टरनेट सेवा विस्तार गर्न सफल भईयो । त्यस यता क्रमिक रुपमा सूचना प्रविधिका विभिन्न आयामहरुको विस्तार भए । नेपाल सरकारको डिजिटल नेपालको अवधारणालाई मध्यनजर गर्दै यस पालिकाले पनि विस्तारै फड्को मार्दै गयो । कार्यालयलाई प्रविधिमैत्री बनाउन धेरै कोशिसहरु गरियो र अझै पनि प्रयासरत नै छौं । |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

ध्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

**हालको अवस्था (असर तथा प्रभाव)**

यस पालिकामा हाल हरेक सेवा प्रवाह कम्प्युटराईज हुने गरेको छ। ईमेल, इन्टरनेट र कम्प्युटर कार्यालय सञ्चालनको मेरुदण्ड नै भै सकेको छ। इन्टरनेट नभएको बेला सेवा अवरुद्ध नै हुन्छ। हरेक शाखाहरु र वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, ल्यापटप र इन्टरनेटको व्यवस्था गरिएको छ। हाल सालै नेपाल टेलिकमको आर्थिक सहयोगमा भूकम्प प्रभावित यस पालिकाको सबै सामुदायिक विद्यालयहरु, स्वास्थ्य चौकीहरुमा एरोनेटको अप्टिकल फाईबर इन्टरनेट सेवा विस्तार गर्ने कार्य भएको छ।

यस पालिकाका सर्वसाधारण जनताहरुको पहुँचमा इन्टरनेट सेवा पुगे लगतै सामाजिक सञ्जाल प्रयोगकर्ताहरु बढेका छन्। प्रविधिको प्रयोग गरी व्यापार व्यावसाय गर्नेको संख्यामा पनि बृद्धि भएको छ। सबै जनताहरु पालिकाको वेभसाईट र सामाजिक सञ्जालहरु नियमित रुपमा हेर्ने र प्रत्यक्ष रुपमा प्रतिकृया जनाउने गर्दछन्। सूचनाको हक सम्वन्धी सबैमा चेतनाको अभिबृद्धि भएका छन्।

यस पालिकाका कार्मचारीहरु पनि प्रविधिमा अभ्यस्त भएका छन्। प्रविधिको प्रयोगसँगै सेवा प्रवाहमा पार्दर्शीता र सुशासन कायम गर्न सहज भएको छ। पालिकाको आफ्नै युट्युव च्यानल, फेसबुक पेज, ट्युटर, वेभसाईट, वेभमेल र अन्य सफ्टवेयरहरु सञ्चालनमा रहेका छन्। यस पालिका सिन्धुली जिल्लाकै सबै भन्दा पहिले ड्रोन क्यमेरा सञ्चालनमा ल्याउने पालिका पनि हो।

यस पालिकाको सूचना प्रविधि अधिकृत आफैं सूचना अधिकारी, LISA, FRA र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको फोकाल पर्सन हुन्। सूचना प्रविधि अधिकृत आफैंले यस पालिकाको बुक, डायरी, कार्यसञ्चालन क्यालेण्डर र स्थानीय पाठ्यक्रमहरु डिजाईन गरेका छन्।

**यस पालिकामा रहेका सूचना प्रविधि सम्बन्धी विभिन्न सेवाहरु :**

- Website : https://www.ghyanglekhmun.gov.np
- Facebook : https://www.facebook.com/ghyanglekhrm
- Twitter : https://twitter.com/gaunpalika
- YouTube : https://bit.ly/3quG6my
- डिजिटल सूचना पाटी।
- डिजिटल डिस्प्ले बोर्ड।
- बिद्युतीय हाजिरी प्रणाली।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

ग्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

- ड्रोन क्यमेरा, डिजिटल क्यामेरा, भिडियो इडिटिङ्ग कम्प्युटर ।
- डिजिटल गाउँपालकिा पर्श्वचित्रको निर्माण : https://bit.ly/3WQW6vh
- गाउँपालिकाको भिडियो बृत्तचित्रको निर्माण : https://bit.ly/3OVrhDT
- स्थानीय राजपत्रहरु निर्माण गरी वेभसाइटमा राखिएको ।
- गाउँपालिकाको लोगो निर्माण गरिएको ।
- गाउँपालिकाको पालिका गीत नेपाली र तामाङ भाषामा रेकर्ड गरिएको ।
- गाउँपालिकाको व्याच निर्माण गरिएको ।
- गाउँ सभा र कार्यपालिकाका निर्णयहरु र अन्य निर्णयहरु वेभसाइटमा नियमित राख्ने गरेको ।
- मासिक, वार्षिक प्रगति प्रतिवेदन र सूचनाको हक सम्बन्धी Proactive Disclosure नियमित रुपमा वेभसाईटमा प्रकाशन र सम्बन्धित कार्यालय र मन्त्रालयहरुमा पठाउने गरेको ।
- हरेक सूचनाहरु सामाजिक सञ्जाल र वेभसाइटमा प्रकाशन गर्ने प्रकाशन गर्ने गरेको ।
- कार्यक्रमहरुको भिडियो र फोटोहरुलाई दस्तावेजिकरण गरिनुका साथै प्रकाशन गर्ने गरिएको ।
- विद्यालयहरुमा ICT Lab निर्माण गर्दै लगिएको र डिजिटल बोर्डको प्रयोग बढाउँदै लगिएको ।
- Zoom को प्रयोग गरी Covid-19 को बेला बैठकहरु सञ्चालन गरिएको ।
- SUTRA : https://shorturl.at/dKQ01
- योजना सफ्टवेयर : https://shorturl.at/rsxzY
- राजश्व सफ्टवेयर : https://shorturl.at/rtCSVz
- नगदी रसिद : https://shorturl.at/dhI12
- राजश्व भुक्तानी QR Code : https://shorturl.at/mzCEI
- सिफारिस सफ्टवेयर : https://shorturl.at/eDW89
- पञ्जिकरण : https://shorturl.at/dkxGI आदि ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**असल अभ्यास र सिकाईको विषय क्षेत्र**

योजना, नीति निर्माण र कार्यान्वयन (RIAP)

**पृष्ठभूमी**

योजना, नीति निर्माण र कार्यान्वन स्थानीय तहको गहन पक्ष हुन् । कुनै पनि विकास निर्माणका लागि हरेक आर्थिक वर्षमा योजना बनाउन जरुरी हुन्छ । योजना पश्चात नीति निर्माण गरिन्छ र कार्यान्वयनमा लगिन्छ । यी विषयहरु अत्यन्तै महत्वपूर्ण विषयहरु हुन् । हरेक वर्ष सभा र कार्यपालिका बैठकहरुबाट यी विषयहरुमा गम्भिर छलफल हुने गर्दछ । दिगो विकासको लक्ष्यका साथ योजनाहरु बनाईनु पर्दछ । टुक्रे योजनाहरुले दिर्घकालिन प्रतिफल दिन सक्दैन । नीति निर्माण कर्ताहरुले समय सापेक्ष दिर्घकालिन सोचका साथ नीति निर्माण गरिनु पर्दछ र अन्त्यमा कार्यान्वयनको पक्ष कर्मचारीहरुले सबल तथा कुशल ढंगबाट सम्पन्न गनु पर्दछ ।

**विगतका अवस्था**

विगतमा कम्जोर नीतिहरु निर्माण हुन्थे । योजनाहरु समय सापेक्ष हुदैनथे । हचुवाका भरमा गरिएका योजनाहरुले प्रतिफल दिदैनथ्यो । कार्यान्वयन पक्षमा पनि धेरै कम्जोरीहरु अनि त्रुटीहरु भेटिन्थे । तसर्थ कम्जोर विकास निर्माण हुने गरेको थियो ।

**विगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु**

विगतको अवस्थालाई परिवर्तन गर्न ऐन, निर्देशिका, कार्यविधि, नियमावली, आचारसंहिता, कानून र नीतिहरु निर्माण गरियो । त्रिवर्षीय क्षमता विकास योजना (CD Plan), भवन निर्माण मापदण्ड, पोषण प्रोफाईल, यातायात गुरुयोजना, नीति कार्यक्रम तथा बजेटको पुस्तक प्रकाशन, आवधिक योजना निर्माण, त्रि-वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण, शिक्षा क्षेत्रको योजना, शिक्षा पार्श्वचित्र निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्माण, विपद् पूर्व तयारी प्रतिकार्य योजना निर्माण, लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीति निर्माण, वार्षिक खरिद योजना निर्माण, संरचनात्मक कार्य विवरण, गाउँपालिकाको कार्य सञ्चालन पात्रो (क्यालेण्डर) निर्माण आदि कामहरु गरियो ।

**हालको अवस्था (असर तथा प्रभाव)**

हालको अवस्था सुधारोन्मुख रहेको छ । जस्तै :

- LISA र FRA का सुचकहरुको फ्लेक्स ब्यानर सबै शाखाहरुमा झुण्ड्याईएको । : https://shorturl.at/mxDMP
- घ्याङलेख गाउँपालिकामा राजस्व भूक्तानी QR Code बाट हुने । : https://shorturl.at/hlwQW
- आमा बाबु बिहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन : https://shorturl.at/rxVXY

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

- घ्याङलेखको छहारी ! शिक्षित छोरी बुहारी !! कार्यक्रम अन्तर्गत उच्च शिक्षा अध्ययनरत छोरी बुहारीका लागि छात्रावृत्ति तथा सम्मान : https://shorturl.at/cmpY4
- घ्याङलेख गाउँपालिकाको महत्वपूर्ण दस्तावेजहरु : https://shorturl.at/fDES4
- घ्याङलेख गाउँपालिकाको कार्य सञ्चालन पात्रो, वि.सं. २०८० : https://shorturl.at/lrtV1
- घ्याङलेख डायरी, २०७९ : https://shorturl.at/fHRY6
- घ्याङलेख दर्पण : https://shorturl.at/qxEIM
- घ्याङलेखको चिनारी - स्थानीय पाठ्यक्रम : कक्षा (१-५), २०७८ : https://shorturl.at/akrzJ
- घ्याङलेख गाउँपालिकाको आ. व. २०७९।०८० को नीति, कार्यक्रम तथा बजेट (गाउँपालिकाको संक्षिप्त परिचय सहित) : https://shorturl.at/zCDKM
- हरेक दिन कार्यालय प्रवेश गर्नु भन्दा अघि राष्ट्रिय गान : https://shorturl.at/CNX15

**निष्कर्ष (स्थानीय तथा राष्ट्रिय विकासमा परेको प्रभाव सहितको)**

आजको युग सूचना प्रविधिको युग हो। सूचना प्रविधिको प्रयोगसँगै कामहरु छिटो, छरितो र पार्दर्शी भएका छन्। सुशासन कायम राख्न सूचना प्रविधिले महत्वपूर्ण टेवा पुऱ्याएको छ। लै.स.सा.स., स्वमूल्याङ्कन प्रणालीहरु, सार्वजनिक वित्त व्यवस्थापन, सूचना प्रविधि, योजना, नीति निर्माण र कार्यान्वयनमा गरिएका असल अभ्यास र सिकाईहरुले समग्र स्थानीय तथा राष्ट्रिय विकासमा समेत प्रभाव परेकोमा दुई मत छैन। तसर्थ अझै पनि भविष्यमा नवीनतम प्रविधिको प्रयोग गरी अझ प्रभावकारी ढंगबाट सुशासन कायम राख्दै विकास निर्माणका कार्यहरु गरी राष्ट्र निर्माण गर्न सकिने छ।

**सफलताका कथा तयार पर्ने व्यक्तिको विवरण**

**पूरा नाम** : किशोर कुमार वाइबा
**पद** : सूचना प्रविधि अधिकृत
**कार्यालय** : घ्याङलेख गाउँपालिका, हायुटार, सिन्धुली
**मोबाइल नं.** : ९८४११६४६६५
**इमेल** : info@ghyanglekhmun.gov.np/ito.ghyanglekhmun@gmail.com

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत